# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७०) काठमाडौं, जेठ २० गते, २०७७ साल (अतिरिक्ताङ्क १०

## भाग २

नेपाल सरकार

## कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

नेपालको संविधान बमोजिम सङ्घीय संसदले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

संवत् २०७७ सालको ऐन नं. १

### प्रमाण ऐन, २०३१ लाई संशोधन गर्न बनेको ऐन

**प्रस्तावना:** प्रमाण ऐन, २०३१ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

सङ्घीय संसदले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "प्रमाण (दोस्रो संशोधन) ऐन, २०७७" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **प्रमाण ऐन, २०३१ को दफा २ मा संशोधनः** प्रमाण ऐन, २०३१ (यस पछि "मूल ऐन" भनिएको) को दफा २ को खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छः-

"(ग) "सार्वजनिक लिखत" भन्नाले प्रचलित कानून बमोजिम सार्वजनिक लिखत मानिने लिखत सम्झनु पर्छ र सो शब्दले त्यस्तो लिखतको डिजिटल वा विद्युतीय स्वरुप समेतलाई जनाउँछ।"

३. **मूल ऐनको दफा ५ मा संशोधनः** मूल ऐनको दफा ५ को,-

(१) उपदफा (१) को खण्ड (ग) पछि देहायका खण्ड (ग१) र (ग२) थपिएका छन्:-

"(ग१) नेपालको राष्ट्रिय गान,

(ग२) नेपालको निशान छाप,"

(२) उपदफा (२) पछि देहायको उपदफा (२क) थपिएको छः-

"(२क) उपदफा (२) को अवस्थामा बाहेक अदालतले न्यायिक जानकारीमा लिने विषयमा पक्षले प्रमाण पुऱ्याउनु पर्ने छैन।"

४. **मूल ऐनको दफा ६ मा संशोधनः** मूल ऐनको दफा ६ को,-

(१) खण्ड (घ) पछि देहायको खण्ड (घ१) थपिएको छः-

"(घ१) पति र पत्नीको मञ्जुरीले कृत्रिम गर्भाधान प्रणालीद्वारा जन्मिएको शिशु विवाहित पतिबाट नै जन्मिएको हो भनी अदालतले अनुमान गर्नेछ।"

(२) खण्ड (ङ) पछि देहायका खण्ड (ङ१) र (ङ२) थपिएका छन्ः-

"(ङ१) डिजिटल वा विद्युतीय कारोबारबाट सम्झौता वा लिखत भएकोमा रितपूर्वक नै सम्झौता वा लिखत भएको हो भनी अदालतले अनुमान गर्नेछ ।

(ङ२) डिजिटल वा विद्युतीय हस्ताक्षरबाट कारोबार भएकोमा रितपूर्वक नै हस्ताक्षर भएको हो भनी अदालतले अनुमान गर्नेछ।"

(३) खण्ड (च) पछि देहायको खण्ड (छ) थपिएको छः-

"(छ) विदेशी राज्यको सरकारबाट प्राप्त भएका प्रमाण सही रुपमा प्राप्त भएका छन् भन्ने अदालतले अनुमान गर्नेछ।"

५. **मूल ऐनको दफा ८ मा संशोधनः** मूल ऐनको दफा ८ मा रहेको "मात्र" भन्ने शब्द झिकिएको छ।

६. **मूल ऐनमा दफा ९क. थपः** मूल ऐनको दफा ९ पछि देहायको दफा ९क. थपिएको छः-

"९क. सहअभियुक्तको पोलः दुई वा दुईभन्दा बढी व्यक्तिले कसूर गरेकोमा त्यस्ता व्यक्तिहरूमध्ये कुनै व्यक्तिले अदालतमा आफू सावित भई अन्य अभियुक्तलाई पोल गरेकोमा त्यस्तो पोल अन्य प्रमाणबाट पुष्टि भएमा प्रमाणमा लिन हुन्छ।"

७. मूल ऐनको दफा ११ मा संशोधनः मूल ऐनको दफा ११ को सट्टा देहायको दफा ११ राखिएको छः-

"११. मृत्युकालीन घोषणा (डाइङ्ग डिक्लेरेशन): कुनै व्यक्तिले आफू मर्न लागेको अवस्थामा होस छँदै निजको मृत्युको कारणका सम्बन्धमा मृत्यु हुनु अघि व्यक्त गरेको कुरा प्रमाणमा लिन हुन्छ।"

८. मूल ऐनमा दफा १३क. थपः मूल ऐनको दफा १३ पछि देहायको दफा १३क. थपिएको छः-

"१३क. श्रव्य-दृश्य माध्यम (भिडियो कन्फरेन्स) मार्फत अभिलेख भएको विवरणः (१) श्रव्य-दृश्य माध्यमबाट विद्युतीय अभिलेखमा उल्लेख भएका कुराहरु प्रमाणमा लिन हुन्छ ।

(२) उपदफा (१) को प्रयोजनका लागि श्रव्य-दृश्य माध्यम मार्फत् अभिलेखित कुराहरु सोही रुपमा वा लिपिबद्ध गरी अदालतले अभिलेख राख्न सक्नेछ।"

९. मूल ऐनको दफा १४ मा संशोधनः मूल ऐनको दफा १४ मा रहेका "किताब वा अन्य स्रेस्तामा नियमित रूपमा" भन्ने

शब्दहरुको सट्टा "किताब, डिजिटल, विद्युतीय माध्यमबाट राखिएका विवरण वा अन्य स्रेस्तामा नियमित रूपमा" भन्ने शब्दहरु राखिएका छन्।

१०. **मूल ऐनको दफा १८ मा संशोधनः** मूल ऐनको दफा १८ को,-

(१) प्रतिबन्धात्मक वाक्यांशको खण्ड (क) मा रहेका "शव परीक्षाको प्रतिवेदन (पोष्टमार्टम रिपोर्ट)" भन्ने शब्दहरुको सट्टा "शव परीक्षण प्रतिवेदन (अटप्सी रिपोर्ट)" भन्ने शब्दहरु राखिएका छन्।

(२) प्रतिबन्धात्मक वाक्यांशको खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छः-

"(ख) सम्बन्धित व्यक्ति अदालतमा उपस्थित भई बकपत्र गरिसकेको नभए तापनि थुनछेक प्रयोजनको लागि कानून बमोजिम अधिकारप्राप्त अधिकारीले संकलन गरेका कागजात, लिखत, मुचुल्का, दशी प्रमाण, कुनै विषयको परीक्षण प्रतिवेदन, विशेषज्ञको राय वा प्रतिवेदन, विद्युतीय प्रमाण वा बयान आदि तत्काल प्राप्त प्रमाणको रुपमा प्रमाणमा लिन हुन्छ।"

(३) ठाउँ-ठाउँमा रहेको "तहकिकात" भन्ने शब्दको सट्टा "अनुसन्धान" भन्ने शब्द राखिएको छ।

११. <u>मूल ऐनको दफा २० मा संशोधन</u>: मूल ऐनको दफा २० को ठाउँ-ठाउँमा रहेको "जाहेर" भन्ने शब्दको सट्टा "पेश" भन्ने शब्द राखिएको छ।

१२. <u>मूल ऐनको दफा २१ मा संशोधन</u>: मूल ऐनको दफा २१ को सट्टा देहायको दफा २१ राखिएको छः-

"२१. <u>प्रमाण लाग्ने अन्य लिखत</u>: दफा ९ देखि २० सम्ममा उल्लेख भएका लिखतका अतिरिक्त अन्य कुनै लिखत भए त्यस्तो लिखत प्रमाणको रूपमा लिन हुन्छ।"

१३. <u>मूल ऐनको दफा २२ मा संशोधन</u>: मूल ऐनको दफा २२ को सट्टा देहायको दफा २२ राखिएको छः-

"२२. <u>दशी प्रमाण</u>: (१) अनुसन्धानको सिलसिलामा घटनास्थलमा भेटिएको निशान, छाप, चिन्ह, दाग वा पीडित वा अभियुक्तको पहिचान खुल्ने अन्य कुरा प्रमाणमा लिन हुन्छ।

(२) साक्षीले अदालतमा उपस्थित भई सनाखत गरेको मुद्दासँग सम्बन्धित जुनसुकै वस्तु दशीको रुपमा प्रमाणमा लिन हुन्छ।"

१४. <u>मूल ऐनको दफा २३ मा संशोधन</u>: मूल ऐनको दफा २३ को ठाउँ-ठाउँमा रहेका "राय यकिन" भन्ने शब्दहरुको सट्टा "यकिन" भन्ने शब्द राखिएको छ।

१५. <u>मूल ऐनको दफा २५ मा संशोधन</u>: मूल ऐनको दफा २५ मा रहेको "आफ्नो" भन्ने शब्द झिकिएको छ।

१६. <u>मूल ऐनको दफा २६ मा संशोधनः</u> मूल ऐनको दफा २६ मा रहेका "आफ्नो दावी" भन्ने शब्दहरुपछि "वा प्रतिदावी" भन्ने शब्दहरु थपिएका छन्।

१७. <u>मूल ऐनको दफा ३२ मा संशोधनः</u> मूल ऐनको दफा ३२ मा रहेका "१२ वर्षदेखि" भन्ने शब्दहरुको सट्टा "कानून बमोजिम मृत्यु भएको अनुमान गर्न सकिने अवधि व्यतित भइसकेपछि पनि" भन्ने शब्दहरु राखिएका छन्।

१८. <u>मूल ऐनको दफा ३५ मा संशोधनः</u> मूल ऐनको दफा ३५ को,-

(१) उपदफा (१) को अन्त्यमा देहायको स्पष्टीकरण थपिएको छः-

"<u>स्पष्टीकरण</u>ः यस दफाको प्रयोजनको लागि "लिखत" भन्नाले डिजिटल वा विद्युतीय अभिलेखमा रहेका कुनै विषय वा त्यसको छापिएको वा भण्डारण गरिएको अप्टिकल वा इलेक्ट्रो-म्याग्नेटिक स्वरुपमा रहेको वा प्रकाशित वा पुनः प्रकाशित भएको डिजिटल वा विद्युतीय सामग्री वा त्यस्ता सामग्रीका प्रतिलिपिलाई समेत जनाउँछ।"

(२) उपदफा (३) मा रहेका "यस दफाका अन्य उपदफामा" भन्ने शब्दहरुको सट्टा "उपदफा (१) र (२) मा" भन्ने शब्दहरु राखी यसै उपदफामा रहेको "आदेश" भन्ने शब्दपछि "वा राखिएका अभिलेख" भन्ने शब्दहरु थपिएका छन्।

१९. <u>मूल ऐनमा परिच्छेद-७क. थपः</u> मूल ऐनको परिच्छेद-७ पछि देहायको परिच्छेद-७क. थपिएको छः-

"परिच्छेद–७क.

प्रमाणको प्रस्तुति

३७क. श्रव्य–दृश्य संवाद मार्फत् मौखिक प्रमाण बुझ्ने: अदालतले उचित ठानेमा श्रव्य-दृश्य संवाद मार्फत् मौखिक प्रमाण बुझ्न सक्नेछ।

३७ख. प्रमाण पेश गर्नु पर्ने: वादीले उजुरी वा फिरादपत्रमा, अभियुक्तले निजको बयानमा र प्रतिवादीले प्रतिउत्तरपत्र वा प्रतिदावीमा आफ्ना सबै साक्षी, लिखत र दशी प्रमाण उपलब्ध भएसम्म खुलाउनु पर्नेछ।

३७ग. पक्षले साक्षी उपस्थित गराउनु पर्ने: (१) अदालतले तोकेको दिन सम्बन्धित पक्षले आफ्नो साक्षी उपस्थित गराउनु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै खास मुद्दामा त्यस्तो मुद्दा दायर गर्दाके बखत प्रतिवादी उपस्थित भई वादी वा प्रतिवादी वा दुवै पक्षले आ-आफ्ना साक्षी वा विशेषज्ञ अदालतमा उपस्थित गराउन बाधा पर्ने छैन।"

२०. **मूल ऐनको दफा ३८ मा संशोधन:** मूल ऐनको दफा ३८ मा रहेको "मतियार" भन्ने शब्दपछि "वा सहअभियुक्त" भन्ने शब्दहरु थपिएका छन्।

२१. **मूल ऐनको दफा ४० मा संशोधन:** मूल ऐनको दफा ४० मा रहेका "लोग्ने वा स्वास्नीलाई" भन्ने शब्दहरुको सट्टा "पति वा पत्नीलाई" भन्ने शब्दहरु राखिएका छन्।

२२. **<u>मूल ऐनको दफा ४१ मा संशोधन</u>**: मूल ऐनको दफा ४१ को सट्टा देहायको दफा ४१ राखिएको छः-

"४१. <u>पति पत्नीका बीचको कुरा प्रकट गर्न नहुने</u>: (१) पतिले पत्नीलाई वा पत्नीले पतिलाई निजको दाम्पत्य सम्बन्ध कायम रहेको अवस्थामा व्यक्त गरेको कुनै कुरा प्रकट गर्न वा त्यस्तो अवस्थामा एक आपसमा भएका पत्राचार प्रस्तुत गर्न कर लाग्ने छैन।

(२) पति र पत्नीबीच परेको कुनै मुद्दामा वा त्यस्तो पति वा पत्नीका विरुद्ध गरेको कुनै कसूरको सिलसिलामा नेपाल सरकार वादी भई चलेको कुनै फौजदारी मुद्दामा बाहेक त्यस्तो कुरा व्यक्त गर्न वा त्यस्तो पत्राचार प्रस्तुत गर्न त्यस्तो पति वा पत्नीले स्वीकृति नदिएसम्म त्यस्तो कुरा प्रकट गर्न वा प्रस्तुत गर्न सकिने छैन।"

२३. **<u>मूल ऐनको दफा ४५ मा संशोधन</u>**: मूल ऐनको दफा ४५ को उपदफा (१) को अन्त्यमा देहायको स्पष्टीकरण थपिएको छः-

"<u>स्पष्टीकरण</u>: यस दफाको प्रयोजनको लागि "कानून व्यवसायी" भन्नाले प्रचलित कानून बमोजिम कानून व्यवसाय गर्न अधिकारप्राप्त व्यक्ति सम्झनु पर्छ।"

२४. **<u>मूल ऐनको दफा ४६ मा संशोधन</u>**: मूल ऐनको दफा ४६ को ठाउँ-ठाउँमा रहेको "व्यावसायिक" भन्ने शब्द झिकिएको छ।

२५. **<u>मूल ऐनको दफा ४८ मा संशोधन</u>**: मूल ऐनको दफा ४८ मा रहेका "साक्षी पेश गरिने र बकाइनेछ।" भन्ने शब्दहरुको सट्टा

"साक्षी उपस्थित गराई बकपत्र गराउनु पर्नेछ।" भन्ने शब्दहरु राखिएका छन् ।

२६. **मूल ऐनको दफा ५० मा संशोधनः** मूल ऐनको दफा ५० को,-

(१) उपदफा (१) र (२) मा रहेका "सो पक्षले" भन्ने शब्दहरुको सट्टा "सोही पक्षले" भन्ने शब्दहरु राखिएका छन्।

(२) उपदफा (५) पछि देहायका उपदफा (५क) र (५ख) थपिएका छन् :-

"(५क) कुनै अभियुक्तले बयान गर्ने क्रममा कुनै अर्को अभियुक्तलाई पोल गरेमा त्यसरी पोल गरेको कुराको हदसम्म त्यस्तो सहअभियुक्तलाई जिरह गर्ने अवसर दिन सकिनेछ।

(५ख) उपदफा (५क) बमोजिमको पोल गर्ने सहअभियुक्त साधारण तारिख, धरौटी वा पुर्पक्षका लागि थुनामा रहेको भए मुद्दाको फैसला हुनुभन्दा अघि निजलाई उपस्थित हुने गरी तारिख तोकी सोही तारिखका दिन त्यसरी पोल गरिएको अभियुक्तलाई जिरह गर्ने अवसर दिनु पर्नेछ।"

(३) उपदफा (६) मा रहेका "माथिका उपदफाहरुमा" भन्ने शब्दहरुको सट्टा "यस दफामा अन्यत्र" भन्ने शब्दहरु र "सो पक्षले" भन्ने शब्दहरूको सट्टा "सोही पक्षले" भन्ने शब्दहरू राखिएका छन्।

२७. **मूल ऐनको दफा ५१ मा संशोधनः** मूल ऐनको दफा ५१ मा रहेका "मनाही गर्नेछ।" भन्ने शब्दहरुको सट्टा "रोक लगाउन सक्नेछ।" भन्ने शब्दहरु राखिएका छन् ।

२८. **मूल ऐनको दफा ५२ मा संशोधनः** मूल ऐनको दफा ५२ मा रहेका "कला वा" भन्ने शब्दहरुको सट्टा "कला, वैज्ञानिक वा प्राविधिक रुपमा परीक्षण हुनु पर्ने विषय वा" भन्ने शब्दहरु राखिएका छन् ।

२९. **मूल ऐनमा दफा ५२क. थपः** मूल ऐनको दफा ५२ पछि देहायको दफा ५२क. थपिएको छः-

"५२क. विशेषज्ञ साक्षी बुझ्ने व्यवस्थाः (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि विशेषज्ञ साक्षीको बकपत्रको लागि तोकिएको दिन बकपत्र गर्न उपस्थित हुन नसक्ने भई सोही व्यहोराको लिखित जानकारी प्राप्त भएमा अदालतले त्यस्तो विशेषज्ञलाई उपयुक्त समयमा बकपत्रको लागि उपस्थित हुन आदेश दिन सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै मुद्दामा विशेषज्ञ राय व्यक्त गर्ने विशेषज्ञको मृत्यु भएमा वा अन्य कुनै कारणले निजलाई बुझ्न सक्ने अवस्था नभएमा र विशेषज्ञलाई नबुझी नहुने भएमा सोही विषयको अर्को विशेषज्ञबाट विशेषज्ञ राय बुझ्न सकिनेछ ।"

३०. **मूल ऐनको दफा ५३ मा संशोधनः** मूल ऐनको दफा ५३ को सट्टा देहायको दफा ५३ राखिएको छः-

"५३. अदालतले साक्षीसँग आवश्यक प्रश्न सोध्न सक्नेः यस ऐन बमोजिम साक्षी परीक्षण गर्दा अदालतले साक्षीलाई सम्बद्ध विषयसँग सम्बन्धित आवश्यक प्रश्न सोध्न सक्नेछ।"

३१. बचाउः यो ऐन प्रारम्भ हुनु अघि प्रचलित प्रमाण कानून बमोजिम बुझिसकिएको प्रमाण यसै ऐन बमोजिम बुझिएको मानिनेछ।

प्रमाणीकरण मितिः २०७७।२।२०

आज्ञाले,
राजीव गौतम
नेपाल सरकारको सचिव ।



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित। मूल्य रू.१०।-
गो.हु.द.नं. १६।२०६२।६३

मुद्रण विभाग